# गरिबीको प्रेतयोनिबाट मुक्तिको उपेक्षा



**स्वामी आनन्द अरुण**

चालीस वर्षपूर्व द्वारिका साधना शिविरमा ओशोसँग पहिलो व्यक्तिगत संवादमा उहाँले भन्नुभएका दुई कुरा मलाई स्मरण छ, जसले मेरो जीवन-जीवनको मार्गदर्शन बन्न गयो र हजारौं व्यक्तिको जीवनमा परिवर्तनको सूत्रधार बन्न गए । ओशोको पहिलो अभिव्यक्ति थियो, नेपाल ठूलो आध्यात्मिक सम्भावना बोकेको देश हो । तिमीले समर्पित भावले मिहेनत गर्‍यौ भने पूरै नेपालमा मेरो ध्यानको सन्देश र दर्शन फैलनेछ । दोस्रो, उहाँले सोध्नुभयो, 'तिमीलाई जीवनमा आनन्द के कुरामा आउँछ ?' 'नयाँ-नयाँ ठाउँको यात्रा गर्नु मेरो सबैभन्दा रूचिकर विषय हो' भनी मैले उत्तर दिएँ । ओशोले हाँस्दै भन्नुभयो, 'तिमी साधना गरेर लायक बन्यौ भने मेरो सन्देश फैलाउन म तिमीलाई सारा संसार घुमाउँछु ।' ४० वर्षपूर्व ओशोका यी अभिव्यक्तिमाथि विश्वास गर्ने मसँग न कुनै आधार थियो, नत कुनै आत्मविश्वास । यो कुरा अरूलाई सुनाउँदा अरू पनि हाँस्थे ।

अध्ययन सकेर नेपाल फर्केपछि मैले इन्जिनियरिङको पेसासाथै गुरुको आज्ञाअनुसार तहाचलस्थित आफ्नो सानो घरमै ध्यानकेन्द्रको सुरुआत गरेँ । सुरुका वर्षमा बडो कठिन संघर्ष, तपस्या र विरोधका बाबजुद रोपिएको यो ओशो मुभमेन्टको बीउ आज हुर्किंदै नेपालबाट झाङ्गिएर भारतमात्रै होइन, विश्वका अनेक महत्त्वपूर्ण देशमा आफ्नो शाखा-प्रशाखाको विस्तार गरिरहेको छ । ओशोको अर्को अभिव्यक्ति त्यसरी नै फलिभूत हुँदैछ । सुरुका दिनमा नेपालका विभिन्न जिल्ला ध्यानको प्रचार-प्रसारका लागि मैले खुब भ्रमण गरेँ । यस प्रयासबाट नेपालका विभिन्न भागहरूमा ओशो ध्यानकेन्द्रहरू स्थापित भए, आज तिनको संख्या ७२ पुगेको छ । यही सिलसिलामा कन्याकुमारीदेखि केदारनाथसम्म र पञ्जाबदेखि आसामसम्म भारतका विभिन्न सहरहरूमा धेरैपटक भ्रमण गरेँ, सयकडौं ध्यान शिविर सञ्चालन भए, ध्यानकेन्द्र तथा आश्रमहरू खोलिए र हजारौंले दीक्षा लिए ।

वर्षका धेरै समय मैले विदेश यात्रामा बिताइरहनुपरेको छ । यसैक्रममा हामी प्रत्येक वर्ष अमेरिका, क्यानाडा, फ्रान्स, जर्मनी, इङल्यान्ड, इटली, हलेन्ड, स्वीट्जरल्यान्ड, नर्वे, युक्रेन, रसिया, मलेसिया, सिंगापुर इत्यादि देशमा पुग्ने गरेका छौं । हाम्रो यात्राको उद्देश्य आध्यात्मिक भए पनि भ्रमणको दरम्यान त्यस देशका विभिन्न विषयवस्तुहरू नियालेर अवलोकन गर्न पाइन्छ र उनीहरूको भौतिक प्रगतिको चमत्कार देख्न पाइन्छ । यसैक्रममा आफ्नो देशको अवस्था र दुर्गतिको टडकारो बोध हुनथाल्छ ।

विदेश गएपछि त्यहाँ हरेक वर्ष देखिने प्रगतिले आफ्नो देशको यथास्थितिवाद र दिनौंदिन भइरहेको दुर्गतिले पिरोल्छ । फ्रान्समा प्रतिघन्टा ३०० किमिभन्दा तीव्रगतिमा दौडने टीजीभी ट्रेन चढ्दा एक सुखद आश्चर्य लाग्छ । तर त्योसँगै आफ्नो देशको जनकपुर-जयनगर रेलवेको याद आउँछ, जसले १८ माइलको यात्रा पूरा गर्न २१ औं शताब्दीमा ३ घन्टा लगाउँदा हाँसो र पीडाको मिश्रित अनुभव हुन्छ । टीजीभीमा यात्रा गर्दा म कल्पना गर्छु, मेचीदेखि महाकालीको यात्रा ३ घन्टामा पूरा गर्न सकिन्छ । काठमाडौंबाट रक्सौल पुग्न १ घन्टा पनि लाग्दैन । ५० वर्षपूर्व हाम्रै हाराहारीमा रहेका चीन र जापानले योभन्दा पनि तीव्रगतिले चल्ने ट्रेन बनाइसके । भारतले पनि दिल्लीदेखि कोलकाता र मुम्बई ५ घन्टामा पुग्न सकिने ट्रेनको निर्माण योजना गर्दैछ ।

हाम्रो देशमा ५० वर्षदेखि सुन्दै आएको छु, रेल चलाउने कुरा । दुनियाँमा रेलवेको सञ्जाल १९ औं शताब्दीमै फैलिसकेको हो । यसमा हामी २ शताब्दी पछाडि छौं । अहिलेको परिस्थितिमा प्रगतिप्रति कुनै उत्सुकता र आशा पनि देखिँदैन । विकसित देशका सर्वमान्य संस्कृति हुन्- सफाइ, समयको अनुशासन तथा अरूको स्वतन्त्रताको सम्मान ।

संसारका महानगरहरूमा लाखौं गाडीहरू दौडिन्छन् । मस्को सहरमा मात्रै ६० लाख गाडी दौडिन्छन् । तर हर्न बजाएर कानै चिर्नेगरी आतंकित पार्ने कहीं चलन छैन । हामीकहाँ ट्रक, बस र सबै सवारीसाधनले पनि थरीथरीका गीतको भाका बोकेका चटके हर्नहरू बजाउनु उनको अधिकार हो भन्ने रवाफ देखाउँछन् । हाम्रा समवेदनशीलता गुमाउँदै गएका यी गुरुजीहरूलाई यो ध्वनि अनुशासन सिकाउने कुनै टिकाउ प्रयासै हुँदैन । संसारभरि नै रोड दुर्घटनाहरूमा मानिसहरू हताहत हुन्छन् तर त्यही कारणले बाटो बजार भने कहीं बन्द हुँदैन ।

फ्रान्स र स्वीट्जरल्यान्डको ट्राफिक व्यवस्था देखेर म दंग परेँ । त्यहाँ साइकल चलाउनेले सडकमा प्राथमिकता पाउँछ । व्यक्तिको जीवनको त्यहाँ त्यति सम्मान छ कि बाटोमा साइकलवालाले पास नदिएसम्म सबै साधनहरू



**विदेश गएपछि त्यहाँ हरेक वर्ष देखिने प्रगतिले आफ्नो देशको यथास्थितिवाद र दिनौंदिन भइरहेको दुर्गतिले पिरोल्छ ।**

साइकलवालाको पछिपछि ताँती लगाएर हिँड्नु पर्नेरहेछ । त्यस्तो परिस्थितिमा साइकलवालालाई पेलपाल गरेर ओभरटेक गर्नु अपराध मानिन्छ । त्यहाँको ट्राफिक व्यवस्थाको मैले मुक्तकण्ठले प्रशंसा गरेको देखेर फ्रेन्च मित्रहरूले मलाई सोधे, 'तिमीहरूकहाँ नियम कानुनहरू कस्ता छन् ?' मैले भनें, नियम कानुनहरू हामीकहाँ पनि धेरै राम्रा छन् । फरक यति हो कि हामीकहाँ कोही पनि नियम कानुनमा बस्न मान्दैनन् ।

विदेशमा बाटोघाटोदेखि सार्वजनिक शौचालयसम्म बडो सफा र व्यवस्थित राखिन्छन् । हामीकहाँ भने पीडा विमानस्थलबाटै सुरु हुन्छ । यत्रो कर र एयरपोर्ट शुल्क लिएर पनि पहिले त एयरपोर्टमा समान बोक्ने ट्रलीकै खडेरी थियो । गैरआवासीय नेपालीहरूले यो समस्या देखेर आफ्नैतर्फबाट ट्रली उपलब्ध गराइदिएका छन् । अन्य समस्याहरू जहाँको तहीं छन् । शौचालयमा कहिल्यै पानी हुँदैन, साबुन हुँदैन, ट्वाइलेट पेपर हुँदैन, ड्रायर बिग्रिएको हुन्छ । यही देखेर एनआरएनका मित्रहरूलाई मैले ठट्टामा भन्ने गरेको छु, अब हाम्रो एयरपोर्टको शौचालयको व्यवस्थापन पनि गैरआवासीय नेपाली मित्रहरूले नै लिनुपर्‍यो, अनिमात्र यो अन्तर्राष्ट्रिय विमानस्थल भन्न सुहाउँछ ।

सबैभन्दा अपमानको बोध त्यतिखेर हुन्छ, जब अरू देशका मानिसहरू खुरुखरु गइरहेका हुन्छन्, तर नेपाली हरियो पासपोर्ट देख्नेबित्तिकै विदेशी अध्यागमन र भन्सारले नेपालीलाई अनावश्यक केरकार गर्न सुरु गर्छन् ।

आधा शताब्दीपूर्व हाम्रा छिमेकी र दुनियाँका अधिकांश मुलुकहरूको आर्थिक र सामाजिक विकासको अवस्था हाम्रोजस्तै थियो । विगत केही वर्षहरूमा एसियाकै हाम्रै छिमेकी केही देशहरूका विकासोन्मुखी नेताहरूको प्रयासले ती देशहरू अविकसित देशको श्रेणीबाट एकैचोटि विकसित मुलुकको स्तरमा फड्को मारिसके ।

चीनका देन स्याओ पिंगले माओको कठोर साम्यवादलाई, लि क्वान युले मानवअधिकारका धारणालाई, मलेसियाका महाथीर मोहम्मदले इस्लामिक आकांक्षाहरूलाई, मनमोहन सिंहले भारतले वर्षौंदेखि पेवा राखेको समाजवादलाई नेपथ्यमा थन्क्याई आर्थिक विकासलाई प्रमुख मुद्दा बनाई निरन्तर लागिरहे । अनेक विरोध खेपे, तर खुट्टा कमाएनन् । आर्थिक प्रगतिका यी संवाहकहरूले आफ्नै देशका अनुदार यथास्थितिवादीबाट अनेक विरोध खेपे, तर जनताले गरिबी र पछौटेपनबाट केही उन्मुक्ति र आर्थिक समृद्धिको सुख पाइसकेपछि यी सबै नेताहरूले देशमा मात्र इज्जत कमाएनन्, विश्व परिदृश्यमा आफ्नो नौलो र साहसिक पहिचान कायम गरे । सैद्धान्तिक र राजनीतिक विवादलाई थाती राखी तीव्र विकासका मौलिक मोडेलहरूको प्रयोग गरेर देशलाई प्रगतिको केही खुडकिलो चढाएपछि मात्र अरू कुरा निकाल्नुपर्छ भन्ने कुरा हामीले सिक्नैपर्छ ।

यो ५० वर्षमा हामीले विकासको सचेतन प्रयास गरेनौं, खालि राजनीति गर्‍यौं र आज पनि हाम्रा राजनेताहरूको भनाइ र व्यवहार हेर्ने हो भने विकास उनीहरूको प्राथमिकतामा पर्दैन । उनीहरूमा खालि अरूको खोट र गल्ती निकाली जनता उत्तेजित गर्ने, विकास र आर्थिक प्रगतिको लागि समय नखर्ची खालि सैद्धान्तिक मतभेदमै समय बिताउने बानी छ ।

नेपालजस्तो प्रकृतिले सुन्दर र समृद्ध बनाएको देशलाई पनि गरिब बनाइराख्ने राजनेताहरूको क्षमता देखेर विदेशीहरू छक्क पर्छन् । हामी गरिब कुनै आर्थिक सम्भावना नभएको भएर होइन, हामी गरिबीको दर्शनले डसिएका र गरिबी मनोविज्ञानले पीडित छौं । हामी पनि समृद्ध हुन सक्छौं भन्ने ह्याउ नै हाम्रो टुटिसकेको छ । देश चलाउने नेताले समृद्ध नेपालको खाका कोर्नसट्टा सानातिना विषय लिएर मुस्किलले चलिरहेका कलकारखाना, उद्योग, यातायात बन्द गराउनमै आफ्नो पुरुषार्थ देख्छन् ।

जसरी भगीरथले आफ्नो त्याग र तपस्याले स्वर्गमा लुकेकी गंगालाई पृथ्वीमा उतारेर हजारौं आफ्ना पुर्खालाई मुक्ति दिए, त्यस्तै समृद्धिको गंगालाई नेपालमा उतारेर दरिद्रता, अपमान र आत्महीनताको यो दुष्चक्रमा फँसेका हामी २ करोड ७५ लाख नेपालीलाई दरिद्रताको प्रेतयोनिबाट मुक्त दिलाउने भगीरथको पर्खाइमा नेपाल आमा छिन् ।

# दिल्लीको विकल्प

## सिउँडी



**विमल निभा**

केही दिनअघि एनेकपाका अध्यक्ष कमरेड प्रचण्ड र नेपाली कांग्रेसका सभापति गिरिजाबाबुबीच फेरि एउटा अर्को सहमति भएको छ । कुन्नि, यो कस्तोखाले सहमति हो । जेजस्तो भए पनि यता अत्यधिक चर्चामा रहेको यो सहमति दक्षिण एसियाको एक सानो मुलुक सिंगापुरमा सम्पन्न भएको हो । कुनै छिमेकी हिन्दुस्तानको नईदिल्ली नामक स्थानमा होइन । यति स्मरण रहोस् ।

गिरिजाबाबु दिन-प्रतिदिन गिर्दो स्वास्थ्यको उपचारखातिर सिंगापुरको कुनै अस्पतालमा भर्ना हुनुभएको छ । र कमरेड प्रचण्डचाहिँ आफ्नो पार्टीको कुनै गोप्य कार्यको सिलसिलामा त्यहाँ एक्कासी पुग्नुभएको हो । यस्तै आधिकारिक प्रचार गरिएको छ । तसर्थ होला पनि । के भन्न सकिन्छ ? नईदिल्ली अथवा सिंगापुर अथवा जुनसुकै स्थानमा भए पनि सहमति हुनु नराम्रो होइन । अहिलेसम्म यही त भइरहेछ । होइन र ? अँ नेपालमा चाहिँ कुनै पनि प्रकारको सहमति हुनसक्दैन भन्ने पक्कापक्की छ । यहाँ केवल असहमति हुन्छ । ठीकै हो । असहमति भनेको सहमतिको प्रारम्भ नै हो । त पहिले असहमति हुन्छ । तत्पश्चात त्यसलाई सहमतिमा रूपान्तरित गर्न एक स्थानको चयन गरिन्छ । त्यो नेपाल छाडेर जुनसुकै स्थान पनि हुनसक्छ । तर कुन्नि, कसरी त्यो नईदिल्ली नै हुन जान्छ । त्यहाँ एकभन्दा बढीचोटी सहमति, सम्झौता, सन्धि आदि भएका छन् ।

यसमध्ये तत्कालीन निरंकुश राणा शासकसँग नेपाली कांग्रेसले गरेको सुलहबारे कसलाई थाहा छैन ? यसैलाई वीपी कोइरालाबाट पञ्चायती बेलामा राजासँग आफ्नो घाँटी जोड्ने मेलमिलापको रूपमा विकसित गरियो । इतिहास साक्षी छ । यसपालि नईदिल्लीमा नभएर सिंगापुरमा सहमति भएको छ । के यही माओवादी कमरेडहरूले बारम्बार उच्चारण गरिरहने क्रमभङ्ग हो ? त्यसोभए, क्रमभङ्गताको पनि एउटा क्रम स्थापित भएको छ । यसमा कमरेड प्रचण्डसँग मिलेर सिंगापुरमा गिरिजाबाबुले पनि आफ्नो योगदान दिनुभएको छ । बधाई । यही सन्दर्भमा मलाई आफ्नो सिंगापुर भ्रमणको हठात् स्मरण भइरहेछ । त्यही घरजम गरेर बसेको मेरो डाक्टर मित्र भवानीप्रसाद उपाध्यायको छोराको बिहेको निम्तो थियो । त्यसबखत हामी तीन मित्र (हरिहर बराल र निरञ्जन मास्के) थाइल्यान्डको राजधानी बैंककमा थियौं । भवानीको एकमात्र छोरोको एक चिनियाँ मूलकी केटीसँग भएको लामो प्रेम विवाहमा फेरिने भएको थियो । यसको लागि मित्रको छोरोले कहिल्यै नेपाल नफर्किने आफ्नो चिनियाँ ससुरो लरेन्स काउसँग दह्रो सहमति गर्नुपर्‍यो ।

हामीले थाई बसमा सवार भई बिहेमा सामेल हुन जानुपरेको थियो । म अहिलेसम्म बीच बाटोमा पर्ने मलेसियाको घना रब्बरको जंगल सम्झिरहेछु । पछि बिहे सक्याएर ट्रेनबाट बैंकक फर्केका थियौं । थाइल्यान्डको हड्काइ सहरनेर सानोतिनो ट्रेन एक्सिडेन्ट भयो । धन्य, बाँचियो । हामी तीन मित्र जसोतसो सकसपूर्ण बैंकक आइपुग्यौं । यसको लामै कथा छ । कुनै बखत सविस्तार यात्रा संस्मरण लेख्नुपर्ला । यहाँ आफ्नो व्यक्तिगत गनथन कति सुनाउने ?मेरो डाक्टर मित्रको छोरोले आफ्नो बिहेका लागि गरेको सहमतिको निकै वर्षपछि

**यसपटक कमरेड प्रचण्ड र गिरिजाबाबुद्वारा सिंगापुरमा सहमति भएको छ । के सिंगापुर वैकल्पिक नईदिल्ली भएको हो ?**

कमरेड प्रचण्ड र गिरिजाबाबुबीच सिंगापुरमा सहमति भएको छ । त्यसकारण यो सहमतिले मलाई आकर्षित गरेको हो । तर यो मेरो मित्र भवानीको छोरो र उसको चिनियाँ ससुरोबीच भएको सहमतिजस्तो होइन क्यारे । फेरि आफ्नै कुरो आएकोमा क्षमा चाहन्छु । मेरो भन्नु के हो भने कमरेड प्रचण्ड र गिरिजाबाबुको सिंगापुरमा सहमति भयो । जहिले पनि छिमेकी हिन्दुस्तानको नईदिल्लीमै सहमति हुनुपर्छ भन्ने पनि त छैन । नईदिल्ली बाहेकका अन्य स्थान पनि त छन् । जहाँ मजैले सहमति, सम्झौता, सन्धि आदि हुन सम्भव छ । जस्तो यसपटक कमरेड प्रचण्ड र गिरिजाबाबुद्वारा सिंगापुरमा भएको छ । के सिंगापुर वैकल्पिक नईदिल्ली भएको हो ? यस्तो हो भने राम्रै भयो । एकभन्दा बेसी नईदिल्ली भएर कुनै खराबी छैन । सहुलियत नै हुन्छ ।

**अन्त्यमा**

गिरिजाबाबु वैकल्पिक नईदिल्लीमै हुनुहुन्छ र कमरेड प्रचण्डचाहिँ नेपाल फर्किसक्नु भएको छ । अब सहमतिको स्थिति के छ, यसै भन्न सकिँदैन । त्यो कमरेड प्रचण्डका साथ यतै नेपालमा आइपुगेको पनि हुनसक्छ । अथवा बिरामी गिरिजाबाबुसँग सिंगापुरको अस्पतालको बेडमा सहमति लम्पसार परेको छ कि ? यो बुझ्न केही समय प्रतीक्षा त गर्नैपर्छ ।

# तथ्य र तर्क

**यो समय विवादको होइन । महान जनआन्दोलनको उपलब्धि रक्षा गर्दै समयमा संविधान निर्माण गर्न हामी सबै एकजुट हुनुपर्छ ।**



*- डा. रामवरण यादव, राष्ट्रपति, राजविराजमा आयोजित कार्यक्रममा राजनीतिक गतिरोध अन्त्यका लागि सबै एकजुट हुनपर्नेमा जोड दिँदै, २८ कात्तिक ।*

■■■

**आन्दोलनलाई सहयोग गर्न प्रचण्डजीले आग्रह गर्नुभएको छ । हामीले किसान जनताको पक्षमा हुने केही सर्त अघि सारेका छौं, त्यो माने सहयोग गर्छौं ।**



*- नारायणमान बिजुक्छे, सांसद एवं अध्यक्ष मजदुर किसान पार्टी, नेकपा माओवादीका अध्यक्षले सहयोग गर्न आग्रह गरेपछिको अवस्था सार्वजनिक गर्दै, २८ कात्तिक ।*

■■■

**पैसाले मेरो गुमेको आँखाको शक्ति र सुन्दरताको क्षतिपूर्ति त हुन सक्तैन । तर भविष्यमा यस्तो घटना अरूले भोग्न नपरोस् भन्नाका लागि यो निर्णयले ठूलो महत्त्व राखेको छ ।**



*- सिर्जना केसी, ११ वर्षअघि चिकित्सक दिनेशविक्रम शाहको लापरबाहीका कारण आँखा गुमेपछि हालै सर्वोच्च अदालतले ६ लाख १७ हजार क्षतिपूर्ति भराउने निर्णय गरेपछि खुसी हुँदै कान्तिपुरसँग, २९ कात्तिक ।*

■■■

**मुठभेडभन्दा वार्ता राम्रो कुरा हो, शत्रुताभन्दा साझेदारिता उत्तम छ । चीन भ्रमण गरेर दुई मुलुक बीचको समन्वयात्मक सहयोगलाई नयाँ उचाइ दिने आशा मैले गरेको छु ।**



*- अमेरिकी राष्ट्रपति बाराक ओबामा चीन भ्रमण सकी फिर्ता हुने क्रममा चिनियाँ पत्रकारहरूसँग आफ्नो धारणा राख्दै, २ मंसिर ।*

■■■

**सत्ता बाँडफाँडको रूपमा सहमति खोजिएको भए हामी त्यसलाई स्वीकार्दैनौं ।**



*- हृदयेश त्रिपाठी, नेता तमलोपा संविधान निर्माण र शान्ति प्रक्रिया महत्त्वपूर्ण विषय भएकोले मात्र सत्ता साझेदारीको लागि आफ्नो सहमति नभएको भन्दै, २ मंसिर ।*

# गद्य गुरु निष्ठानन्द



**हिमेशरत्न बज्राचार्य**

विश्वास नहुन सक्छ, सय वर्ष अगाडि रचिएको भाषा अहिले पढ्दा पनि आधुनिक लाग्छ । अझ भनौं, सय वर्ष अगाडिको दु:साहस अहिले दोहोर्‍याउँछु भनेर सोच्न पनि सकिन्न । महायानी बौद्धधर्मको नवग्रन्थमध्ये एक ललितविस्तरको नेपाल भाषा संस्करण अहिले उत्तिकै जीवन्त छ । नेपाल भाषा धनी छ, यसको लेखन बोलीचालीको भाषामा दुरुस्त हुनसक्छ भन्ने उदाहरण ललितविस्तर हो ।

प्रसङ्ग निष्ठानन्द बज्राचार्यको १ सय ५३ औं जन्मदिनको अवसर हो । निष्ठानन्दलाई नेपाल भाषाका गद्यगुरु मानिन्छ । नेपाल भाषाको उत्थानमा महत्त्वपूर्ण योगदान दिने चार ऐतिहासिक व्यक्तित्वलाई 'प्यंग: थां'का रूपमा चित्रण गरिएको छ । 'प्यंग: थां' अर्थात् चार स्तम्भ । यिनै स्तम्भमा टिकेर-रहेर नेपाल भाषा अहिलेको आधुनिक रूप अडेको छ ।

नेपाल संवत् ९७८ मा जन्मेका निष्ठानन्दको शुक्रबार जन्मदिन परेको थियो । कालजयी रचनाका कारण उनलाई सम्झिनु अझै सामयिक छ । संयोगले नेपाल भाषामा ललितविस्तरको प्रकाशनले सय वर्ष नाघेको छ । नेपाल संवत् १०३० मा ललितविस्तर प्रकाशन आएको थियो । यसले नेपाल भाषा साहित्यमा पुर्‍याएको योगदान र बौद्धधर्मको पुन:उत्थानमा उल्लेखनीय प्रभाव छाडेको छ । प्रस्ट रूपमा भन्ने हो भने उनले कलम चलाएपछि मात्र नेपाल भाषालाई गद्यमा ढाल्न सकिन्छ भन्ने विश्वास भएको हो । उनको चर्चा छेड्दा तत्कालीन समय परिस्थितिबारे बुझ्न आवश्यक हुनसक्छ ।

राणाशासन चरम दमनकारी विन्दुमा थियो । नेपाल भाषा र बौद्धधर्ममा समान दमन थियो । नेपाल भाषा बोलीचालीमा मात्र सीमित रहन गएको थियो । बौद्धधर्मका अनुयायीले त्यसको मर्मलाई बुझेका थिएनन्, त्यसलाई पछ्याउने काम विकृत रूपमा गरिरहेका थिए । त्यसमाथि त्यो समय छपाइ प्रविधि पुरातन थियो । रचनालाई पुस्तकाकार दिनु दु:साहसबाहेक अरू थिएन् ।

नेपाल भाषाका अनुवादक, सम्पादक र लेखकका रूपमा निष्ठानन्दको परिचय हुनसक्छ । बज्राचार्यको रूपमा उनको प्रारम्भिक परिचय सामान्य गुरुजुमा सीमित थियो । पछि स्वअध्ययन र संस्कृतको गहन अध्ययनले उनी पण्डित भए, बौद्ध विद्वान भए । सारस्वत:, लघु र मध्य कौमुदी सिद्धान्त सिक्न उनले पर्याप्त मिहेनत गरे । उनको समय अधिकांश गुरुजुहरू संस्कृतमा पोख्त थिए, धाराप्रहार त्यसको लेखन र बोलाइमा अभ्यस्त थिए । दुर्भाग्य, त्यो योग्यता अहिलेको पुस्तामा छैन । संस्कृतमा विद्वता हात परेपछि मात्र उनले ललितविस्तरलाई नेपाल भाषामा अनुवाद गरेका हुन् । त्यो समयसम्ममा उनी राम्रा धार्मिक कथावाचक भइसकेका थिए ।



**उनले कलम चलाएपछि मात्र नेपाल भाषालाई गद्यमा ढाल्न सकिन्छ भन्ने विश्वास भएको हो ।**

त्यो समय धर्मरसस्वादनको समय थियो, त्यसलाई उनले प्रगाढ रूपमा अगाडि बढाए राम्रा धर्मवाचकका रूपमा । बुद्ध जीवनीबारे बुझ्ने पुराना स्रोतमध्ये महायानी कृति ललितविस्तरलाई उत्कृष्ट मानिन्छ । त्यो नेपाल भाषाले उपलब्ध भएपछि काठमाडौं उपत्यकाका बौद्धमार्गीमा धर्मले पुन:उत्थान पाएको थियो । बौद्ध धर्मबारे आम अनुयायी केही जान्ने भए ।

बौद्ध धर्मको धरोहरका रूपमा रहेको प्रतीत्यसमुत्पादबारे पनि उनमा राम्रो ज्ञान थियो, त्यसबारे विद्वत् प्रवचन दिन सक्षम थिए । निष्ठानन्दले नेपाल भाषामा 'र' तथा 'ल'को ठीक प्रयोग सुरु गरे । 'स', 'ष' र 'श'को पनि उचित प्रयोग भयो । लामो र दोहोरिने भाषाशैली छोटामीठा हुनथाल्यो । निष्ठानन्द ललितविस्तरमा मात्र सीमित भएनन् । उनले बोधिचर्यावतार र भद्रकल्पावदान, स्वयम्भु पुराण, गुणकारण्डव्यूह, आर्य अस्ष्ट सहश्रिका आदि पनि अनुवाद गरे ।

उनलाई नेपालका प्रारम्भिक वैज्ञानिकका रूपमा मानिन्छ । नेपालमा छपाइ प्रविधि भित्र्याउने श्रेय पाउनेमध्ये सुरुआती व्यक्तित्वका रूपमा उनको नाम लिइन्छ । उनले भारतको कोलकाता गएर छपाइ ज्ञान सिकेका थिए । राइटरको जागिर खाएर उनी बाजुरा पनि गए । संस्कृत सिकाउने काम गरे । जीवनको अन्त्यतिर स्वयम्भुमा पुस्तकालयको स्थापना गरे । उनको निधन नेपाल संवत् १०५५ मा भयो ।

# क्लिक इतिहास

**कात्तिक २९ - मंसिर ६**

**आज २०६६ मंसिर ६ । नेपाली इतिहासमा कात्तिक २९ यताका मुख्य घटना :**

**कात्तिक- २९**

- विसं. १९८५ : साहित्यकार रमेश विकलको जन्म ।
- विसं. २०१४ : राजा महेन्द्रबाट प्रत्यक्ष शासन प्रारम्भ ।
- विसं. २०१९ : प्रथम प्रहरी दीक्षान्त कवाज सम्पन्न ।
- विसं. २०५१ : दोस्रो प्रतिनिधिसभाका लागि आमनिर्वाचन सम्पन्न । कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नभएकाले त्रिशंकु संसद्को निर्माण ।

**कात्तिक- ३०**

- विसं. १९९४ : राजा त्रिभुवनबाट नेपाल बैंक लिमिटेडको उद्घाटन ।
- विसं. २००७ : राणा सरकारको अनुरोधमा भारत सरकारले नेपाली कांग्रेसको सशस्त्र आन्दोलनसम्बन्धी गतिविधि भारतीय भूमिबाट सञ्चालन गर्न रोक ।
- विसं. २०१९ : नेपाल-टर्की कूटनीतिक सम्बन्ध स्थापना ।
- विसं. २०२५ : नेपाल-इराक कूटनीतिक सम्बन्ध स्थापना ।

**मंसिर- १**

- विसं. २००८ : प्रधानमन्त्रीमा मातृकाप्रसाद कोइराला नियुक्त । उनी २००९ साउन २६ सम्म रहेका । कोइराला दोस्रोपटक २०१० असारदेखि २०११ फागुनसम्म प्रधानमन्त्री रहेका ।
- विसं. २०६१ : धादिङको कृष्णभीरमा माओवादी-सुरक्षाकर्मी भिडन्त । उक्त भिडन्तको भिडियो 'नेपाल वान' च्यानलले देखाएकोमा व्यापक विरोध ।
- विसं. २०६३ : महानगरीय प्रहरीको व्यवस्था ।

**मंसिर- ३**

- विसं. १९६० : साहित्यकार माधवप्रसाद देवकोटाको पाल्पा, तानसेनमा जन्म ।
- विसं. २००३ : रौतहट जिल्लाको गौर अदालत (कटहरवन अमिनी) मा नेपाली कांग्रेसको नेतृत्वमा भएको जनआक्रमणमा सेनाको प्रहारले धेरै मानिस मारिएका ।
- विसं. २००७ : शिवप्रसाद सिंह र बाबुराम बरालको नेतृत्वमा रौतहट सदरमुकाम गौरमा करिब दस हजार किसानको राणाविरोधी जुलुस निस्केको । जुलुसमा सेनाद्वारा गोली प्रहार शिवप्रसादसहित पाँचको मृत्यु, २५ घाइते ।
- विसं. २०५६ : नेपाल संवत्का प्रवर्तक शंखधर साँख्वालाई राष्ट्रिय विभूति घोषित ।

**मंसिर- ४**

- विसं. २००७ : झापामा मोर्चाबन्दी गरी बसेका सरकारी सैन्यमाथि मुक्तिसेनाको आक्रमण । मुक्तिसेना पराजित । योद्धा बखतमान लिम्बु, हर्कजङ्ग लामा र लालबहादुर थापाको मृत्यु ।

**मंसिर- ५**

- विसं. १९६२ : समाज सुधारक/ साहित्यकार छविलाल पोखरेलको धनकुटाको कचिडेमा जन्म ।
- विसं. १८७२ : नालापानी युद्ध रोक्न सम्झौतापत्रमा नेपालका तर्फबाट गजानन मिश्रद्वारा हस्ताक्षर । मंसिर १९ मा इस्ट इन्डिया कम्पनीका लेफ्टिनेन्ट जनरल ब्राडसाद्वारा उक्त पत्रमा हस्ताक्षर गरेपछि युद्धविराम ।
- विसं. २००७ : डा. केआई सिंहको नेतृत्वमा भैरहवामा दोस्रो आक्रमण । मुक्तिसेनाद्वारा भैरहवा कब्जा । कब्जाको भोलिपल्ट स्थानीय जनसरकार गठन । स्थानीय सरकारका प्रधानमन्त्रीमा काशीप्रसाद श्रीवास्तव नियुक्त ।
- विसं. २०३९ : नयाँदिल्लीमा आयोजित एसियाडमा नेपालको राष्ट्रिय फुटबल टिमले कुवेत विरुद्ध आधिकारिक रूपमा प्रतिस्पर्धा गरेको । राष्ट्रिय फुटबल टिमको यो पहिलो आधिकारिक प्रतिस्पर्धा ।
- विसं. २०६३ : दस वर्षको सशस्त्र द्वन्द्व समाप्तिको घोषणा गर्न नेपाल सरकार र नेकपा (माओवादी) का बीच बृहत् शान्ति सम्झौता ।



**मंसिर- ६**

- विसं. २०५८ : ललितपुरको गोदावरीमा भएको सरकार-माओवादी वार्ताको करिब एक सातापछि माओवादीद्वारा युद्धविराम भंग ।

**प्रस्तुति : राजेश कोइराला**
rako@kantipur.com.np

# गल्ती पो गरिएछ कि !



**तृष्णा कुँवर**

'जानी-नजानी जीवनमा ठूलै गल्ती गरिएछ । उनले धेरै वर्षसम्म त्यो दु:ख आफूसँगै लुकाएर राखिन् । एउटै ओछ्यानमा सुते पनि चाल पाउन सकिएन', खड्कवाडा २ लुम्चुडी, दैलेखका तुलसी शाही पछुतो मानिरहेका थिए । छेवैमा उनकी चालीस वर्षीया श्रीमती सीता शाही हाँसेर कुरो सुनिरहेकी थिइन् । अहिले हाँसे पनि विगत एक्काइस वर्षदेखि उनी एउटा पीडामा बाँचिरहेकी थिइन् । आइमाईको जुनी लिएपछि यस्ता दु:खहरू त कति सहन पर्छ, कति ! गाउँमा सबैको मुखबाट सुनिने कुरा यस्तै-यस्तै हुन्थ्यो । उनले पनि होला त नि भन्दै जीवन उसैगरी भोगिरहिन्, जसरी गाउँका अन्य दिदीबहिनीहरूले जुनी काट्ने क्रममा भोग्ने गर्छन् । उसैगरी मेलापात, घाँसदाउरा, खेतीकिसानी गरिरहिन्, जसरी गाउँका अन्य आइमाईहरू दु:ख लुकाएर बाँच्न सकिरहेका हुन्छन् । सातमध्ये एकमात्र सन्तान साथमा छ, अरू सबै मरे । सानैमा बिहे, किशोरी आमा बन्नुपर्ने विवशता, वर्षेपिच्छे गर्भावस्था, दुर्गम पहाडी भेगको ग्राम्य जीवन, काम नगरी पेट भरिने कुरै भएन । न सुत्केरी अवस्थामा स्याहार, नत स्वास्थ्य तथा सरसफाइको ज्ञान, जे पर्ला उसै टर्ला भन्दै जीवन घिसार्ने त्यहाँ उनीमात्र एक्ली महिला होइनन् ।

अहिले त गाउँमा स्वास्थ्यसेवाको नगन्य पहुँच छ भने एक्काइस वर्ष अघिको के कुरा ! त्यसैले त पाठेघरले आफ्नो ठाउँ छाडेर बाहिर निस्कँदासम्म उनलाई के भएको भन्ने पत्तै भएन । राति सुतेको बेला भित्र जाने र दिउसो कामकाज गर्दा ह्वात्तै बाहिर आउने, आङ खसेको भनिने यस्तो रोग लिएर अझै पनि उनीजस्ता थुप्रै महिलाहरू यथाअवस्थामै बाँचिरहेका छन् । सत्तरी वर्षे हजुरआमाको मुखबाट समेत आफूलाई यस्तै भएको तर सहेरै बाँच्नुपरेको कुरा सुनेपछि सबैलाई यस्तै त हो नि ! भनी उपचार खोज्नतिर नलाग्ने चलन छ । लोग्नेलाई बतायो भने सौता ल्याउला भनेर पनि आइमाईहरू यो दु:खलाई भित्रभित्रै लुकाउँछन् ।

"रगत-पिप बग्ने होइन, हिँड्दा, उठ्दा, काम गर्दा असजिलो हुने त हो, आ ! आइमाईको जीउ नै यस्तै, यति त सहनैपर्छ नि !" पाकाहरूको यस्तै कुराले उनीहरू अलमलिन्छन् । गाउँठाउँमा कता पाउनु डाक्टर र जँचाउनु ? जीवनजलको अभावमा जीवन सिद्धिने ठाउँ हो यो । आङ खस्यो त के भयो, अरूको पनि त खसेकै छ, उनीहरू बुढेसकालसम्म बाँचेकै छन् क्यारे ! चलन पनि उस्तै, लाज मान्ने र थाहै नदिने, अभावग्रस्त जीवनले उपचारको आशै गर्नु बेकार छ । खप्नसम्म खपिन्, खपिनसक्नु भएपछि लोग्नेलाई त भन्नैपर्‍यो, चौध वर्षअघि नेपालगन्जमा जचाउँदा रिङ पेसरी जडान गरिदिएछन् । भारी काम गर्दा त्यो चार महिनामै झरेछ । तीन महिनापछि फेरि पुग्नुपर्ने थियो । तर छ-सात घन्टाको बाटो पैदल हिँडेर दैलेख आउनुपर्ने, त्यहाँबाट नेपालगन्जसम्मको यात्रा खर्च धान्न धौधौ थियो, दु:ख लिएरै बाँच्ने भइन् ।

अछाम र दैलेखको सीमामा पर्ने विकट गाउँबाट जहाँ पुग्न पनि खर्च र समय धेरै नै लाग्छ । दुखाइ बढेपछि यी दम्पति केही वर्षअघि मंगलसेन अस्पताल जँचाउन पुगे । तर अर्थ अभावले अप्रेसन गर्न असमर्थ भई फर्के ।

"सित्तैमा कसले उपचार गरिदिन्छ ? उनीहरूको पनि केही स्वार्थ पक्कै होला । बेहोश पारेर मृगौला झिकिदिन्छ भन्ने भ्रममा परी कति त आएनन् । तिनले ठूलै अवसर गुमाए ।" सीताको मुहारमा हाँसो फर्किएको छ ।

"गल्ती भएछ भन्ने लागिरहन्छ । अप्रेसन गरेपछि आइमाई कमजोर हुन्छन्, पहिलेजस्तो काम गर्न सक्दैनन् भन्ने थियो । तर जे त होला, उनलाई सुविस्ता भए अरू कुरोमा किन मन डुलाउनुपर्‍यो भनेर ल्याएँ ।" तुलसीजस्तै पछुताउ मान्ने कति पुरुष छन् र यहाँ । उनले अर्धाङ्गिनीको पीडालाई आफ्नै नमानिदिएको भए

**जे पर्ला उसै टर्ला भन्दै जीवन घिसार्ने त्यहाँ उनीमात्र एक्ली महिला होइनन् ।**

अझै पनि सीता पूर्ववत् अवस्थामै हुने थिइन् । पुरुषले अनुमति नदिएसम्म महिलाले अप्रेसन गर्ने आँट र निर्णय गर्न एक्लै कहाँ सक्छन् र ? महिलाको स्वास्थ्यलाई त्यति धेरै महत्त्व दिइएको देखिँदैन । घरको काम छोडिहिँड्न महिलाले अलि मिल्दैन, पुरुष भएको भए भिन्नै कुरो हुन्थ्यो । महिलालाई बाँच्ने अधिकारै नभएजस्तो हेलचेक्र्याइँ व्यवहार भोग्नु सामान्य कुरो नै मानिन्छ । नि:शुल्क नै भए पनि उपचार पाउनु त्यति सजिलो कुरो छैन यहाँ । एकजना महिला उपचार र आरामको क्रममा महिनौंसम्म ओछ्यान बस्दा घरको काममा ठूलै बाधा पर्छ । महिलाको श्रम र कमाइको गन्ती नै नहुने ठाउँमा पनि उनैको अभावले घरव्यवहार, व्यवस्थापनमा ठूलै खैलाबैला मच्चिन्छ ।

शिविरमा महिलाहरू प्राय: पुरुषकै निगरानी र खटनपटनमा आउने गर्छन् । लोग्ने, छोरा वा गाउँका टाठाबाठा लोग्नेमान्छे नै कुरुवा भएर अस्पतालसम्म पुगिदिन्छन् । गाउँमा यसखालको चेतना बढ्नु र सबैले पाठेखर खस्ने रोगलाई दु:खको रूपमा बुझ्नु सकारात्मक कुरो हो ।

नेपालमा आङ खस्ने रोगको पहिचान र विभिन्न सरकारी, गैरसरकारी संस्थाहरूको यसतर्फ ध्यानाकर्षित हुनथालेको धेरै भएको छैन । दुर्गम ग्रामीण महिलाहरूले लुकाएर राख्ने गरेको यो दु:खलाई प्रजनन स्वास्थ्य शिविर सञ्चालन गर्ने क्रममा विभिन्न दातृ निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले ऋप्राथमिकतामा राखी उपचार गर्नथालेका छन् ।

यही क्रममा आड्रा नेपालले युएनएफपीए र युरोपियन कमिसनको सहयोगमा रुकुम, जाजरकोट र दैलेखमा द्वन्द्व प्रभावित तथा संकटाभिमुख समुदायका लागि सञ्चालन गरेको स्वास्थ्य शिविरमार्फत आङ खस्ने पीडा लुकाएर बाँचिरहेका महिलाहरूले उपचारको अवसर पाए । हालै सम्पन्न उक्त परियोजना कार्यान्वयनका लागि नेपालगन्ज मेडिकल कलेजले शल्यक्रिया सेवा प्रदान गरेको थियो । उमेरले तीस नकाटेका युवा महिला चिकित्सकहरू भौगोलिक कठिनाइको बेवास्ता गर्दै ती दुर्गम बस्तीहरूमा पुगे, "हाम्रो अभियानलाई स्थानीय पुरुषहरूले नसघाएको भए, दिदी-बहिनीहरूको उपचार असम्भव नै हुने थियो ।" शिविर टोलीको अन्तिम निष्कर्ष यस्तै थियो ।

kunwartrishna@gmail.com